सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
शिक्षा, युवा तथा खेलकुद शाखा
Education, Youth and Sports Section
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
सम्पर्क:९८५७८८८९८८
९८६६९२३९५१
info@sanibherimun.gov.np
sanibherimun@gmail.com

प.सं.(Letter No.):२०८०/८१
च.नं.(Ref. No.): १७२

मिति (Date): २०८० / १२ / २७
ने.सं.११४४ चौलाथ्व,१ मंगलवार

श्री सानीभेरी गाउँपालिका स्थित सम्पूर्ण विद्यालयहरु।

**विषय: शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सञ्चालन सम्बन्धमा।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान **"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"** भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी हकलाई कार्यान्वयन गर्न देहायबमोजिम गर्नुहुन सम्बन्धित सबै विद्यालयहरुलाई अनुरोध छ।

भूपाल सिं विष्ट
शाखा अधिकृत

देहायः

१. विद्यार्थी भर्ना अभियान कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्ने।
२. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लव, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समूह, सम्बन्धित वडा कार्यालय, शिक्षा क्षेत्रमा कार्यरत संघ संस्था आदिसँग सहकार्य गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका, सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने।
३. २०८१ बैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्ने र दोस्रो हप्ता देखि बैशाख मसान्त सम्म नियमित पठनपाठनका साथै घरदैलो लगायतका कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिकाको विद्यालयमा भर्नाको लागि पहल गर्ने।
४. विद्यालय तहको पाठ्यपुस्तक चैत्र मसान्त भित्रै खरिद गरी नयाँ शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीलाई वैशाख महिनाको पहिलो हप्तामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउने।

सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
शिक्षा, युवा तथा खेलकुद शाखा
Education, Youth and Sports Section
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
सम्पर्क:९८५७८८८९८८
९८६६९२३९५१
info@sanibherimun.gov.np
sanibherimun@gmail.com

५. आ- आफ्नो सेवा क्षेत्र भित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालसमेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था मिलाउने।

६. विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका स्वीकृत गरी सोही अनुरुप विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने।

७. विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालनका लागि विद्यालयमा एक जना शिक्षकलाई सम्पर्क व्यक्ति तोकी जिम्मेवारी प्रदान गर्ने।

८. विद्यार्थी भर्ना अभियान कार्यक्रममा विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरुको सहभागिता सुनिश्चित गर्ने।

९. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाइमा निरन्तर सहयोग गर्ने व्यक्तिहरुको अभिलेख राखी गाउँपालिकामा पेश गर्ने।

१०. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरणसहितको प्रतिवेदन तयार गरी वैशाख मसान्त भित्र गाउँपालिकामा पेश गर्ने।

२०८१।१२।२५
भूपाल सिं विष्ट
शाखा अधिकृत